लेखापरीक्षण बुलेटिन

महालेखापरीक्षकको कार्यालयको प्रकाशन

वर्ष २, अंक ११, २०७५ चैत्र (Year 2, Issue 11, Mar/Apr. 2019)

सम्माननीय राष्ट्रपतिज्यू समक्ष महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदन पेश



सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यू समक्ष महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदन पेस गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल

२९ चैत्र, २०७५

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूसमक्ष माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालले नेपालको संविधानको धारा २४१ अनुसार संघ, प्रदेश, स्थानीय तह लगायत तोकिएका अन्य निकायको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (१) बमोजिम महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदन, २०७५ एक कार्यक्रमका बीच पेश गर्नुभयो ।

कार्यक्रममा सम्माननीय राष्ट्रपतिज्यूले संघ, प्रदेश र स्थानीय तह समेत ६ हजार ५ सय ४४ वटा निकायको लेखापरीक्षण सम्पन्न गरी समयमै प्रतिवेदन पेश गरेकोमा खुशी व्यक्त गर्दै लेखापरीक्षणका नजिताले समग्र मुलुकी प्रशासनको अवस्थाबारे जानकारी प्राप्त गरी सुधारका कार्यलाई मार्गनिर्देश गर्न सहयोग पुग्ने बताउनु भयो । सो क्रममा उहाँले सार्वजनिक वित्तीय व्यवहारमा आर्थिक अनुशासन र जवाफदेहिताको महत्वपूर्ण भूमिका रहने उल्लेख गर्दै प्रतिवेदनमा औंल्याईएका विषयलाई नेपाल सरकार, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह लगायत सम्बन्धित सबैले गम्भीरतापूर्वक लिई कार्यान्वयनमा लैजानु पर्ने बताउनु भयो ।

क्रमशः पेज ६ मा

यस भित्र .....

क्र.सं.	विषय	पेज नं.
१	महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समावेश भएका मुख्य तथ्य/तथ्याङ्कहरु	३
२	महालेखापरीक्षकको वार्षिक प्रतिवेदनसँग सम्बन्धित तस्वीरहरू	८
३	फाल्गुन महिनाका कार्यालय गतिविधि	१३
४	माघ महिनाका कार्यालय गतिविधि	१४
५	पौष महिनाका कार्यालय गतिविधि	१९
६	अन्तर्राष्ट्रिय गतिविधि	२०
७	लेखापरीक्षणमा उपयोगी सूत्रहरू	२२
८	माननीय महालेखापरीक्षकज्यूको उपस्थितिमा २०७५ पौष देखि चैत्र मसान्तसम्म सम्पन्न भएका छलफल कार्यक्रमहरू	२४

संरक्षक
माननीय महालेखापरीक्षक
श्री टंकमणि शर्मा दंगाल

सल्लाहकार
उप-महालेखापरीक्षक
श्री ईश्वर नेपाल

सम्पादक मण्डल
संयोजक
श्री विष्णुप्रसाद रिजाल

सदस्य
श्री महेश पौड्याल
श्री सिर्जना रिमाल
श्री दिपक आचार्य
श्री जानकी भण्डारी
श्री सरस्वती थापा

प्रकाशक
महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाडौं।
फोन नं. ०१-४२६२९५८
फ्याक्स नं. ०१-४२६८३०९
E-mail: oagnep@ntc.net.np
info@oag.gov.np
Website: oagnep.gov.np

नोटिस बोर्ड नं
१६१८०१४२५३२७०

सम्पादकीय .....

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीसमक्ष मिति २०७५ चैत्र २९ गते माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालले नेपालको संविधानको धारा २४१ अनुसार संघ, प्रदेश, स्थानीय तह लगायत तोकिएका अन्य निकायको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (१) बमोजिम महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदन पेश गर्नुभयो ।

यस वर्षको लेखापरीक्षण कार्यक्रमको शुरुवात् सम्माननीय प्रधानमन्त्रीज्यूको उपस्थितिमा संघीय सरकारका लेखाउत्तरदायी अधिकृतहरु बीच अन्तरक्रिया र छलफलबाट शुरुवात गरिएको थियो । यसै क्रममा सम्माननीय प्रधानन्यायाधीश, प्रतिनिधि सभाका सम्माननीय सभामुख, राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष लगायतका उच्च पदाधिकारीहरुसँग समेत छलफल गरिएको थियो । लेखापरीक्षणका क्रममा माननीय महालेखापरीक्षकज्यूबाट ७ वटै प्रदेशका माननीय प्रदेश प्रमुख, मुख्यमन्त्री, सभामुख, प्रदेश संसदीय समिति सहित १५ जिल्लाका स्थानीय तहका प्रमुख/उप-प्रमुख, कार्यालय प्रमुख लगायत जिम्मेवार पदाधिकारीसँग छलफल तथा अन्तरक्रिया सम्पन्न गरिएको थियो । जसबाट लेखापरीक्षण कार्य थप विश्वसनीय, गुणस्तरीय र पारदर्शी हुने अपेक्षा गरिएको छ ।

सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरिएको ५६ औं वार्षिक प्रतिवेदनमा ५ परिच्छेद तथा २४ अनुसूची रहेका छन् । परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणवाट देखिएका बेरुजुको स्थिति, परिच्छेद ३ मा लेखापरीक्षणबाट देखिएका समग्र व्यहोरा अर्न्तगत राय

क्रमशः पेज १२ मा

माननीय महालेखापरीक्षकज्यूको सन्देश



नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट अन्तिम लेखापरीक्षण हुने व्यवस्था छ । यस वर्षको नियमित र सोभन्दा अघिका लेखापरीक्षण गर्न बाँकी समेत यस वर्ष ६ हजार ६४४ निकायको आर्थिक कारोबारको लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा विगतका अभ्यास र अन्तर्राष्ट्रिय प्रचलन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) र एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरुको संगठन (एसोसाई) द्वारा प्रतिपादित मानदण्डसमेतको अनुसरण गरीएको छ । लेखापरीक्षणको नतिजा समावेश गरी ५६ औं वार्षिक प्रतिवेदन तयार गरिएको छ । सार्वजनिक निकायबाट सम्पादित कार्यको स्वतन्त्र र निष्पक्ष मूल्याङ्कन गरी सरोकारवालालाई सुसूचित गराउने उद्देश्यले वार्षिक प्रतिवेदनका सारभूत विषय समावेश गरी सारांश तयार पारिएको छ । यसबाट लेखापरीक्षणको प्रभाव अभिवृद्धि भई वित्तीय सुशासनका क्षेत्रमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

यस वर्ष संघीय, प्रदेश सरकारी निकाय र स्थानीय तह, संगठित संस्था, समिति र अन्य संस्था, जिल्ला समन्वय समिति समेतको रु.५१ खर्ब ६० अर्ब ९२ करोडको लेखापरीक्षण सम्पन्न भएको छ । सोमध्ये ४ हजार ८४१ संघीय सरकारी निकायतर्फ रु.२० खर्ब ८ अर्ब ८४ करोडको लेखापरीक्षणबाट रु.१ खर्ब ६ अर्ब ३४ करोड अर्थात् ५.२९ प्रतिशत बेरुजू देखिएको छ । यो वर्ष ७ प्रदेशको रु.२ अर्ब ६२ करोडको लेखापरीक्षणबाट रु.१९ करोड ५१ लाख अर्थात ७.२५ प्रतिशत बेरुजू कायम भएको र ७४७ स्थानीय तहको रु.५ खर्ब ७१ अर्ब ५१ करोडको लेखापरीक्षणबाट रु.२४ अर्ब १४ करोड अर्थात ४.२२ प्रतिशत बेरुजू देखिएको छ । यस्तै सार्वजनिक संस्था, जिल्ला समन्वय समिति र अन्य समितिको रु.२५ खर्ब ७७ अर्ब ९५ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ । यस बाहेक ३० संगठित संस्थाको ४१ आर्थिक वर्षको लेखापरीक्षणको लागि परामर्श उपलब्ध गराए बमोजिम रु.७ खर्ब ३९ अर्ब ८० करोडको लेखापरीक्षण समेत यस वर्ष रु.५९ खर्ब ७२ करोडको लेखापरीक्षण सम्पन्न भएको छ ।

क्रमशः पेज १२ मा

महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समावेश भएका मुख्य तथ्य/ तथ्याङ्कहरू

१ आर्थिक वर्ष २०७४/७५ मा लेखापरीक्षण गरिएका निकाय र बेरुजू रकम (रु.करोडमा)

लेखापरीक्षण गरिएका निकाय	संख्या	रकम	बेरुजू	ले.प. अंकको तुलनामा बेरुजू प्रतिशत
(क) वित्तीय लेखापरीक्षण				
१. संघीय सरकारी कार्यालय	४८४१	२०,०८,८४	१,०६,३४	५.२९
२. प्रदेश सरकारी कार्यालय	६८	२,६२	१९	७.२५
३. स्थानीय तह	७४७	५,७१,५१	२४,१४	४.२२
४. समिति र अन्य संस्था (जि.स.स. समेत)	८६१	२,५३,७२	१०,३८	४.०९
५. संगठित संस्था	९९	२३,२४,२३	✯	-
(ख) कार्यमूलक, सूचना प्रविधि र विशेष लेखापरीक्षण	२८	#	#	-
जम्मा	**६६४४**	**५१,६०,९२**	**१,४१,०५**	-

✯ संगठित सस्थातर्फ बेरुजूको लगत राख्ने एवं संम्परीक्षण कार्य सम्बन्धित निकायबाट हुने भएकाले अंक समावेश छैन
कार्यमूलक लेखापरीक्षण गरेका निकायको लेखापरीक्षण अंक र बेरुजू वित्तीय लेखापरीक्षण तर्फ समावेश गरिएको छ ।

२ आर्थिक बर्ष २०७४/७५ सम्मको कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक बेरुजू रकम

निकाय	रकम (रु. करोडमा)
संघीय सरकारी कार्यालय तर्फ	२८६००
प्रदेश सरकारका कार्यालय तर्फ	१९
जिल्ला समन्वय समिति तथा अन्य संस्था, समितितर्फ	५५२९
स्थानीय तहको	३५९९
लेखापरीक्षण बक्यौता	३ ४०
राजस्व वक्यौता	२५२१३
शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान	२०७६
शोधभर्ना लिन बाँकी वैदेशिक ऋण	२७८४
जमानत बसी दिएको ऋण	२५
जम्मा	**६८३६६**

३ बेरुजूको वर्गीकरण र तुलनात्कम विवरण

विवरण	५६ औं रकम (रु. करोडमा)	तीन वर्षको प्रतिवेदनमा समावेश बेरुजूको तुलनात्मक विवरण		
		५६ औं (२०७५)	५५ औं (२०७४)	५४ औं (२०७३)
असुल गर्नुपर्ने	३५४८	२५.१५ %	१५.४७ %	४२.४८ %
नियमित गर्नुपर्ने	५१६९	३६.६५ %	४०.२९ %	३१.२८ %
पेश्की बाँकी	५३८८	३८.२० %	३३.२४ %	२६.२४ %
जम्मा	**१४१०५**	**१००**	**१००**	**१००**

४ तीन वर्षको प्रतिवेदन अनुसार असूल भएको रकमको तुलनात्मक विवरण (रु.लाखमा)

विवरण	५६ औं (२०७५)	५५ औं (२०७४)	५४ औं (२०७३)
लेखापरीक्षणको क्रममा	११७१८	२८३४	९७६
प्रारम्भिक प्रतिवेदन पठाएपछि	१४६९०	२५२२	२३३
जम्मा	२६४०८	५३५६	१२०९

नोट: माथिको अंकमा सम्परीक्षणबाट असूल भएको रकम रू.९ अर्ब ७० करोड ४ लाख समावेश गरिएको छैन ।

५	आर्थिक वर्ष २०७४/७५ को निकायको लेखापरीक्षण प्रतिवेदनबाट कायम दफा र बेरुजू (समिति र अन्य संस्था बाहेक)		
	विवरण	**दफा संख्या**	**बेरुजू रकम (रु. करोडमा)**
	प्रारम्भिक बेरुजु	८६३८७	१३७५९
	प्रतिकृयाबाट फछ्यौंट	२८९०	७११
	बाँकी दफा र रकम	८३४९७	१३०४८
	लगती दफा र रकम	३४९०१	१३०४८
	सैद्धान्तिक दफा	५८९२९	-
	५६ औं वार्षिक प्रतिवेदन, २०७५ मा समावेश दफा तथा उपदफा संख्या		**उपदफा**
	५६ औं वार्षिक प्रतिवेदन, २०७५ (मूल)	१३५६	६५४
	५६ औं वार्षिक प्रतिवेदन, २०७५ (सारांश)	२४१	११९
	नोट: गतवर्ष सैद्धान्तिक दफा २६ हजार ६८१, लगती १८ हजार ९८३ समेत ४५६६४ दफा मध्ये प्रतिकृयाबाट १५४५ फछ्यौंट भई अन्तिम प्रतिवेदनमा ४४११९ दफा समावेश भएका थिए ।		

६	तीन आर्थिक वर्षको प्रतिवेदनमा समावेश खर्च शीर्षकगत विश्लेषण						
	खर्च शीर्षकको नाम	**२०७२।७३ को यथार्थ खर्च**	**२०७३।७४ को यथार्थ खर्च**	**२०७४।७५ को (रु.लाखमा)**			
				बार्षिक अनुमान	**खर्च**	**अनुमानको तुलनामा खर्च प्रतिशत**	**शीर्षकगत खर्च प्रतिशत**
	चालु तर्फ	**३७१२९४९**	**५१८६१६१**	**४८३४४४०**	**४१३१३७८**	**८५.४६**	**१००**
	पारिश्रमिक सेवा	८९२६८२	११८८३५४	१३०५२९१	१११४८३८	८५.४१	२६.९८
	सेवा निवृत्त सुविधाहरु	३५७६२४	४७६२२८	६२४०६५	५३७६७०	८६.१६	१३.०२
	कार्यक्रम सम्बन्धी खर्च	१९७७१३	२४६६०२	३७२४७७	२२५५२२	६०.५५	५.४६
	वैदेशिक ऋणको व्याज	१८६१४७	३२६३५	४५५५४	३८६०४	८४.७४	०.९३
	आन्तरिक ऋणको व्याज	५०३३५०	६७६०२	२६२४४६	१२३८६९	४७.२०	३.००
	स्थानीय तहलाई अनुदान	३३८५८४	५४७३६९	९०४५१	८९०५०	९८.४५	२.१६
	सामाजिक सेवा अनुदान	१८५२	१८९०१११	१७४६८०४	१५९१८२८	९१.१३	३८.५३
	सामाजिक सुरक्षा	१९०१९२	३७६१६१	३८७३५२	४०९९९७	१०५.८५	९.९२
	पूँजीगततर्फ	**१२३२५१४**	**२०८७४८३**	**२१६२६८५**	**४०९९९७**	**८९.६३**	**१००**
	सवारीसाधन	२११९७	६७१३४	३८८५४	६६१४५	१७०.२४	३.४१
	मेसिनरी औजार	५१५३२	७७०४३	११७८०८	९७४३४	८२.७१	५.०३
	सार्वजनिक निर्माण	८८६६४८	१५१४५५२	२००६०२३	१७७४७३७	८८.४७	९१.५६
	वित्तीय व्यवस्था	**१०६४६७०**	**१०९८८३३**	**१४०२८७४**	**११७०४८७**	**८३.४३**	**१००**
	ऋण लगानी	२४८१६६	२९०००९	३४७६२९	१६५९७९	४७.७५	१४.१८
	शेयर लगानी	१२७००८	१९६१७८	५५३५५५	४४७७७०	८०.८९	३८.२६
	वैदेशिक ऋण साँवा भुक्तानी	१८६१४७	२२७०३२	३०१२११	१८५८९२	६१.७१	१५.८८
	आन्तरिक ऋणको साँवा भुक्तानी	५०३३४९	३८५६१४	२००४७९	३७०८४६	१८४.९८	३१.६८

७	**प्रति व्यक्ति ऋण दायित्व**	रु.३१,७५० (आ.ब.२०७३/७४ को तुलनामा २८.५१% ले बढी)

८	विगत आर्थिक वर्षको बजेट, राजस्व अनुमान र खर्चको स्थिति								
	आर्थिक वर्ष	बजेट (रु. करोडमा)			पूँजीगत खर्च (रु. करोडमा)			राजस्व (रु. करोडमा)		
		अनुमान	यथार्थ	प्रतिशत	अनुमान	यथार्थ	प्रतिशत	अनुमान	यथार्थ	प्रतिशत
	२०७१।७२	६१८१०	५३१५६	८६.००	११६७५	८८८४	७६.०९	४२४७५	४१३९३	९७.४५
	२०७२।७३	८१९४७	६०१०१	७३.३४	२०८८८	१२३२५	५९.००	५०१९६	४९८९२	९९.३९
	२०७३।७४	१०४८९२	८३७२५	७९.८२	३११९४	२०८७५	६६.९२	५७५८९	६१५४७	१०६.८७
	२०७४।७५	१२७९००	१०८४६८	८४.८१	३३५१८	२७०७१	८०.७७	७४५०५	७८२३९	१०५.०१

९	५६ औं प्रतिवेदन अनुसार सार्वजनिक कोषको अवस्था	
	सञ्चित कोष मौज्दात	रु.१ खर्ब ५१ अर्ब ३५ करोड ऋणात्मक
	सञ्चित कोष बाहेकका अन्य कोषहरु	
	आ.ब. २०७३/७४ को जिम्मेवारी सारेको	रु.९२ अर्ब ८२ करोड ६ लाख
	आ.ब. २०७४/७५ को आम्दानी	रु.२ खर्ब ६० अर्ब ९० करोड ५६ लाख
	आ.ब. २०७४/७५ को खर्च	रु.२ अर्ब ६४ अर्ब ८१ करोड १४ लाख
	मौज्दात बाँकी	रु.१ खर्ब ९ अर्ब ४४ करोड १८ लाख

१० प्रदेश सरकारतर्फको वित्तीय विवरण

१०.१	कुल बजेट खर्च	रु. २ अर्ब ५७ करोड (विनियोजनको तुलनामा ३६.५४% खर्च)
	चालु खर्च	रु.१ अर्ब ५२ करोड (कुल बजेट खर्चको तुलनामा ५९.०७%)
	पूँजीगत खर्च	रु.१ अर्ब ५ करोड (कुल बजेट खर्चको तुलनामा ४०.९३%)

११ स्थानीय तहतर्फको वित्तीय विवरण

११.१	कुल बजेट खर्च	रु. २ खर्ब ६७ अर्ब ८६ करोड
	चालु खर्च	रु.१ खर्ब २८ अर्ब ६६ करोड (कुल बजेट खर्चको तुलनामा ४८.०३%)
	पूँजीगत खर्च	रु.१ खर्ब १० अर्ब ५९ करोड (कुल बजेट खर्चको तुलनामा ४१.२७%)
	अन्य खर्च	रु.२८ अर्ब ६६ करोड (कुल बजेट खर्चको तुलनामा १०.७०%)

११.२	लेखापरीक्षण नगराउने स्थानीय तहको विवरण					
	स्थानीय तहको नाम	जिल्ला	संघीय सरकारबाट उपलब्ध भएको अनुदानको विवरण (रु.हजारमा)			
			वित्तीय समानीकरण अनुदान	सशर्त अनुदान	अन्य अनुदान	जम्मा अनुदान
	नगरपालिकाहरु					
	हंशपुर नगरपालिका	धनुषा	१८९६३३	९९६२३	५१०	२८९७६६
	बलरा नगरपालिका	सर्लाही	२२९७३४	९२५४३	०	३२२२७७
	बुङ्गल नगरपालिका	बझाङ	२७५४७६	१७३३७०	०	४४८८४६
	नगरपालिकाको जम्मा		**६९४८४३**	**३६५५३६**	**५१०**	**१०६०८८९**
	गाउँपालिकाहरु					
	रामनगर गाउँपालिका	सर्लाही	१६२५८९	५०२१२	०	२१२८०१
	विष्णु गाउँपालिका	सर्लाही	१५२२५६	४४१२०	०	१९६३७६
	सम्सी गाउँपालिका	महोत्तरी	१६४३६०	४०५८३	०	२०४९४३
	गाउँपालिकाको जम्मा		**४७९२०५**	**१३४९१५**	**०**	**६१४१२०**
	कुल जम्मा		**११७४०४८**	**५००४५१**	**५१०**	**१६७५००९**

१२	लेखापरीक्षण नगराउने सार्वजनिक संस्था तथा अन्य निकाय				
	निकायको नाम	आर्थिक वर्ष		निकायको नाम	आर्थिक वर्ष
•	त्रिभुवन विश्वविद्यालय तथा सो अर्न्तगतका ५६ निकायको	२०४१/४२-०७४/७५ सम्म	•	मध्य पश्चिमाञ्चल विश्वविद्यालय तथा सो अर्न्तगतका २ निकायको	२०७१/७२
•	जठिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लि.	२०७२/७३-०७४/७५	•	बी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान	२०७४/७५
•	नेपाल खानेपानी संस्थान	२०६९/७०-०७०/७१, २०७२/७३ -०७४/७५	•	अपर तामाकोशी जलविद्युत् कम्पनी लि.	२०७४/७५
•	तामाकोशी जलविद्युत कम्पनी लि.	२०७४/७५	•	औद्योगिक व्यवसाय विकास प्रतिष्ठान	२०७४/७५
•	नेपाल खाद्य संस्थान	२०७३/७४-०७४/७५	•	राष्ट्रिय सहकारी विकास बोर्ड	२०७४/७५
•	अपर अरुण हाईड्रो पावर कम्पनी लि.	२०७४/७५	•	महिला तथा बालबालिका कार्यालय, बाँके	२०७४/७५
•	गुठी संस्थान	२०७३/७४-०७४/७५	•	नेपाल मेटल कम्पनी लि.	२०७४/७५
•	गोरखापत्र संस्थान	२०७३/७४-०७४/७५	•	रेमिट हाईड्रो पावर कम्पनी लि.	२०७४/७५
•	उदयपुर सिमेन्ट उद्योग लिमिटेड	२०७३/०७४-०७४/७५	•	रसुवागढी हाईड्रो पावर कम्पनी लि.	२०७४/७५
•	राष्ट्रिय बीमा संस्थान	२०६९/७०-०७३/७४	•	उत्तरगंगा पावर कम्पनी लि.	२०७४/७५
•	नेपाल पर्यटन बोर्ड	२०७४/७५			

१५	वित्तीय व्यवस्थापनमा सुधारका क्षेत्रहरु		
•	बजेट तथा खर्च व्यवस्थापन	•	वैदेशिक सहायता
•	आयोजना व्यवस्थापन	•	खरिद व्यवस्थापन
•	सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग	•	सेवा प्रवाह
•	राजस्व प्रशासनमा सुधार	•	वित्तीय व्यवस्थापनसँग सम्बन्धित कानून
•	वित्तीय उत्तरदायित्व पालना	•	सूचना प्रविधिको उपयोग
•	लेखाङ्कन तथा प्रतिवेदन प्रणाली	•	आन्तरिक नियन्त्रण तथा आन्तरिक लेखापरीक्षण
•	अन्तिम लेखापरीक्षणको सवलीकरण	•	प्रदेशको वित्तीय व्यवस्थापन
•	स्थानीय तहको वित्तीय व्यवस्थापन	•	संगठित संस्था तथा समितिहरुको लेखापरीक्षण
•	सूचना प्रवाह एवं समन्वय	•	अनुगमन, सम्परीक्षण र निर्णय कार्यान्वयन

महालेखापरीक्षकको ५६ औं .....

कार्यक्रममा माननीय महालेखापरीक्षक शर्माले वार्षिक प्रतिवेदनमा संघ, प्रदेश र स्थानीय तह लगायत अन्य निकायको लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरु बारे सम्माननीय राष्ट्रपतिज्यूलाई जानकारी गराउँदै प्रतिवेदनले औंल्याएका सुझाव कार्यान्वयनमा सम्बन्धित पक्षबाट सहयोग पुग्ने अपेक्षा गर्नुभयो ।

संविधानको धारा २४१ बमोजिम प्रदेश सरकार र सो अर्न्तगतका निकायको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी तयार पारिएको वार्षिक प्रतिवेदन संविधानको धारा २९४ को उपधारा (३) र लेखापरीक्षण ऐन, २०७५ को दफा १९ को उपदफा (४) बमोजिम महालेखापरीक्षकबाट खटाईएको प्रतिनिधि मार्फत् ७ वटै प्रदेशका माननीय प्रदेश प्रमुखज्यू समक्ष पेश गरिएको छ । त्यसैगरी ७५३ स्थानीय तह मध्ये ७४७ को आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी तयार भएका प्रतिवेदन सम्बन्धित स्थानीय तहलाई बुझाउने कार्य समेत प्रारम्भ भएको छ ।

सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश भएको उक्त वार्षिक प्रतिवेदनमा लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति, लेखापरीक्षणबाट देखिएको समग्र व्यहोरा, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र भविष्यमा गर्नुपर्ने सुधार लगायतका विषयहरु समावेश गरिएका छन् । साथै वार्षिक प्रतिवेदनका मुख्य विषय समावेश गरी सारांश समेत तयार गरिएको छ । पेश भएका वार्षिक प्रतिवेदन र सोको सारांश प्रति कार्यालयको वेभसाइट www.oagnep.gov.np बाट समेत प्राप्त गर्न सकिने छ ।

महालेखापरीक्षकको दृष्टिमा सार्वजनिक जवाफदेहिता

बजेट अनुशासन

- अर्थ विविधमा एकमुष्ठ रकम राखेर रकमान्तर गरी खर्च गरेको,
- सबै वैदेशिक सहायता बजेटमा समावेश नगरेको र लेखापरीक्षण नगराएको,
- स्रोत फरकपारी निकाशा एवं खर्च गरेको,
- वर्षान्तमा खर्चको आकार वृद्धि हुने गरी निकासा एवं खर्च गरेको,
- स्वीकृत बेगर बहुवर्षीय ठेक्का गरी दायित्व सिर्जना गरेको,
- गैर सरकारी संस्था मार्फत वैदेशिक सहायता परिचालन गरेको र पारदर्शिता समेत नदेखिएको,
- पूँजीगत खर्च अपेक्षित रुपमा परिचालन नभएको,
- अनुदानको अनुगमन कमजोर रहेको ।

सेवा प्रवाह व्यवस्थापन

- दरबन्दी अनुसार पदपूर्ति नभएवाट सेवा प्रवाहमा असर परेको,
- सरकारी उपकरणभौतिक पूर्वाधारको उपयोग गर्न नसकेको,
- वातावरण प्रदुषणबाट जनस्वास्थ्यमा असर परेको,
- टोकन प्रणाली लागू नभएको, मध्यस्त मार्फत सेवा लिनु परेको,
- स्वास्थ्य सेवा पहुँचमा लामो समय पालो पर्खनुपरेको,
- सार्वजनिक सुनुवाई र गुनासो व्यवस्थापन प्रभावकारी नभएको,
- विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्न नसकिएको
- समय, लागतको विश्लेषण गरी सेवाको मुल्य निर्धारण नगरेको,
- खाद्य र औषधीको गुणस्तर सन्तोषजनक नभएको ।

सार्वजनिक खरिद व्यवस्थापन

- ठेक्का बन्दोबस्तमा ढिलाई हुने गरेको,
- ठेक्काको काम म्यादभित्र सम्पन्न नगरी म्याद थप गर्दै गएको,
- पूर्वनिर्धारित क्षतिपूर्ति असुल नभएको
- जटिल तथा प्राविधिक काम समेत उपभोक्ता समितिबाट गराएको,
- विद्युतीय खरिद प्रणाली पूर्णरुपमा लागू नभएको,
- क्षमताभन्दा वढी काम दिई अधुरो राखेको,
- डिजाईन/लागत अनुमान यथार्थपरक नभएको,
- नपाउने मूल्यवद्धि भुक्तानी दिएको,
- निर्माण तथा खरिद कार्यको गुणस्तर कमजोर रहेको ।

राजस्व प्रशासन

- कराधार संरक्षण एवं दायरा विस्तार हुन नसकेको,
- यथार्थ कारोबार नदेखाएवाट घटी कर असुल भएको,
- उद्योगहरुको उत्पादनशीलता न्यूनरहेको र कर परिपालना कमजोर रहेको,
- विवरण पेश नगर्ने करदाता र मूल्यअभिवृद्धि कर क्रेडिट रकम उच्च रहेको,
- फरक भन्सार दरबन्दी लगाएवाट कम महसुल उठेको,
- भन्सार तथा बजारमा न्यून विजकीकरणको नियन्त्रण नभएको,
- राजस्व बक्यौता बढ्दै गएको एवं बक्यौता हिसाव यकिन नभएको,
- कर प्रशासनको अनुगमन र कर परीक्षणको गुणस्तर कमजोर रहेको,
- व्यवसायीले ऋण अन्यत्र प्रयोग गरेको ।

आन्तरिक नियन्त्रण, जिम्मेवारी र जवाफदेहिता

- लेखापरीक्षण र बेरुजू फछ्यौंट नगराउँदा कारबाही नभएको,
- कार्यसम्पादन सम्झौताको प्रभावकारी कार्यान्वयन नभएको,
- बेरुजू उपर कारबाही गरी असुल फछ्यौंट नगरेको,
- सम्पत्तिको संरक्षण र उपयोग प्रभावकारी नभएको
- आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको
- सञ्चितकोषको लेखा र एकल खाता कोषले सबै कारोबार नसमेटेको
- नेपाल वित्तीय प्रतिवेदन मान कार्यान्वयन नगरेको,
- कम्प्युटरमा आधारित लेखाप्रणाली लागू भइनसकेको,
- उद्देश्य अनुरुप कोष सञ्चालन नभई ठूलो रकम मौज्दात रहेको,
- नियन्त्रण, अनुगमन र निरीक्षण कार्य कमजोर रहेको ।

प्रदेश तथा स्थानीयतह व्यवस्थापन

- प्रदेश तथा स्थानीय तहका पदाधिकारीको सुविधामा एकरुपता नभएको,
- संघीय अनुदानमा निर्भर रहेको,
- अनुत्पादक तथा वितरणमूखी कार्यक्रमको दीगोपनामा समस्या रहेको,
- जनशक्ति, क्षमता तथा कानून । निर्देशिकाको अभाव रहेको,
- राजस्व सकलनको स्पष्ट मापदण्ड नभएको, प्रदेशले राजस्व सकलन नगरेको,
- स्थानीय तहको आन्तरिक आयको तुलनामा प्रशासनिक खर्च वढी भएको,
- योजना तर्जुमा र कार्यान्वयनमा समन्वय नभएको,
- स्थानीय र प्रदेशवाट संघमा आय-व्ययको प्रतिवेदन पेश नहुँदा एकीकृत विवरण प्राप्त नभएको ।

संस्थान सञ्चालन

- व्यावसायिक योजना बेगर लगानी विस्तार गरेको,
- ठुलो रकम जगेडा हिसाबमा राखेको एवं परिचालन गर्न नसकेको,
- शेयर तथा ऋण लगानीको हिसाब यथार्थपरक नरहेको,
- अधिकांश संस्थाले ऋणको सांवा व्याज सरकारलाई नबुझाएको,
- अनुत्पादक खर्च नियन्त्रण नभएको, लगानीको प्रतिफल न्यून रहेको,
- निजीकृत संस्थाहरु सम्झौता अनुरुप सञ्चालन हुननसकेको,
- समयमा लेखापरीक्षण नगराएको एवं प्रतिवेदन उपर प्रतिक्रिया नदिएको,
- संस्थानहरुले सम्पत्तिको संरक्षण एवं व्यवस्थापन गर्न नसकेको,

आयोजना व्यवस्थापन

- पूर्वतयारी बेगर आयोजना सञ्चालन भएको,
- आयोजनाको प्राथमिकिकरण नगरेको, टुक्रे आयोजना सञ्चालन गरेको,
- हस्तान्तरण भएका आयोजनामा वजेट विनियोजन नभएको,
- आयोजना सञ्चालनमा समन्वय नभएको एवं लक्ष्यअनुसार प्रगति नभएको,
- राष्ट्रिय गौरवका केही आयोजनाहरु योजनावद्ध तवरले सञ्चालन नभएको,
- वैदेशिक सहायताको न्यून उपयोग भएको,
- आयोजनाको समय र लागत वृद्धि भएको,
- परामर्शदाता उपरको निर्भरता नघटेको ।

महालेखापरीक्षकको वार्षिक प्रतिवेदनसँग सम्बन्धित तस्वीरहरू



सम्माननीय राष्ट्रपतिज्यूसमक्ष ५६ औं वार्षिक प्रतिवेदन पेश गरे पश्चात् माननीय महालेखापरीक्षक र उप-महालेखापरीक्षकहरू।



सम्माननीय राष्ट्रपतिज्यूसमक्ष ५६ औं वार्षिक प्रतिवेदन पेश गरे पश्चात्को सामूहिक तस्वीर।



सम्माननीय राष्ट्रपतिज्यूसमक्ष ५६ औं वार्षिक प्रतिवेदन पेश गर्न जानु अघि माननीय महालेखापरीक्षक सहितका पदाधिकारीको सामूहिक तस्वीर।



सम्माननीय राष्ट्रपतिज्यूसमक्ष पेश भएको ५६ औं वार्षिक प्रतिवेदन पत्रकार सम्मेलन मार्फत् सार्वजनिक गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यू ।




५६ औं वार्षिक प्रतिवेदनका प्रमुख व्यहोराबारे जानकारी दिन आयोजित पत्रकार सम्मेलनलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यू ।



माननीय प्रदेश प्रमुख डा. श्री गोविन्द बहादुर तुम्बाहाङ्ज्यूसमक्ष प्रदेश नं.१ को लेखापरीक्षण प्रतिवेदन पेश गर्नुहुँदै नायव महालेखापरीक्षक श्री विन्दु विष्ट ।



माननीय प्रदेश प्रमुख श्री रत्नेश्वरलाल कायस्थज्यूसमक्ष प्रदेश नं.२ को लेखापरीक्षण प्रतिवेदन पेश गर्नुहुँदै नायब महालेखापरीक्षक श्री सुवर्णप्रसाद ढकाल ।



माननीय प्रदेश प्रमुख श्री अनुराधा कोइरालाज्यूसमक्ष प्रदेश नं.३ को लेखापरीक्षण प्रतिवेदन पेश गर्नुहुँदै नायब महालेखापरीक्षक श्री त्रिलोचन आचार्य ।



माननीय प्रदेश प्रमुख श्री बाबुराम कुँवरज्यूसमक्ष गण्डकी प्रदेशको लेखापरीक्षण प्रतिवेदन पेश गर्नुहुँदै नायब महालेखापरीक्षक श्री पदमराज पौडेल ।



माननीय प्रदेश प्रमुख श्री उमाकान्त झाज्यूसमक्ष प्रदेश नं. ५ को लेखापरीक्षण प्रतिवेदन पेश गर्नुहुँदै कार्यालयका नायब महालेखापरीक्षक श्री श्यामप्रसाद अर्यालज्यू ।



माननीय प्रदेश प्रमुख श्री दुर्गाकेशर खनालज्यूसमक्ष कर्णाली प्रदेशको लेखापरीक्षण प्रतिवेदन पेश गर्नुहुँदै नायब महालेखापरीक्षक श्री विवेकानन्द घिमिरेज्यू ।



माननीय प्रदेश प्रमुख श्री मोहनराज मल्लज्यूसमक्ष सुदूरपश्चिम प्रदेशको लेखापरीक्षण प्रतिवेदन पेश गर्नुहुँदै कार्यालयका नायब महालेखापरीक्षक श्री जीवन सुवेदीज्यू ।

माननीय महालेखापरीक्षकज्यूको .....

गत वर्षसम्मको बाँकी बेरुजू रु.२ खर्ब ९० अर्ब ५२ करोडमा समायोजन र फछ्यौंट गरिएको अङ्क घटाई यो वर्ष थप भएको रु.१ खर्ब ४१ अर्ब ५ करोड समेत रु.३ खर्ब ७७ अर्ब ४८ करोड बाँकी रहेको छ। लेखापरीक्षण तथा सम्परीक्षणबाट यो वर्ष रु.९ अर्ब ७० करोड असुल भएको छ। अद्यावधिक कारवाही गरी टुङ्गो लगाउनुपर्ने रकम गत वर्षसम्म रु.५ खर्ब ८ करोड रहेकोमा यस वर्ष रु.६ खर्ब ८३ अर्ब ६६ करोड पुगेको छ। लेखापरीक्षणको क्रममा बजेट अनुशासन, सेवा प्रवाह व्यवस्थापन, सार्वजनिक खरिद व्यवस्थापन, आयोजना व्यवस्थापन, राजस्व प्रशासन, संस्थान सञ्चालन, प्रदेश तथा स्थानीय तह व्यवस्थापन र आन्तरिक नियन्त्रण जिम्मेवारी र जवाफदेहिता लगायतका विषयमा कमी कमजोरी सुधारका लागि सुझावहरु समेत प्रस्तुत गरिएको छ। यी सुझावहरुको कार्यान्वयनबाट सार्वजनिक प्रशासनमा आर्थिक अनुशासन कायम गर्नमा योगदान पुग्ने विश्वास लिएको छु।

यस वर्षको लेखापरीक्षण कार्यक्रमको शुरुवात् स्वयं सम्माननीय प्रधानमन्त्रीज्यूको उपस्थितिमा संघीय सरकारका लेखाउत्तरदायी अधिकृतहरुबीच अन्तरक्रिया र छलफलबाट गरिएको हो । यसैक्रममा सम्माननीय प्रधानन्यायाधीश, प्रतिनिधि सभाका सम्माननीय सभामुख, राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष लगायतका उच्च पदाधिकारीहरुसँग समेत छलफल गरिएको थियो । म स्वयं सातवटै प्रदेशका १५ जिल्ला भ्रमण गरी नीति निर्माण, बजेट कार्यान्वयन र लेखापरीक्षण सम्बन्धमा माननीय प्रदेश प्रमुख, मुख्यमन्त्री, सभामुख, प्रदेश संसदीय समितिका पदाधिकारी लगायतका जिम्मेवार पदाधिकारी तथा कर्मचारीहरुसँग अन्तरक्रिया गरी समस्याको पहिचान र समाधानका लागि छलफल तथा अन्तरक्रिया गरेको छु । वित्तीय संघीयता कार्यान्वयनको चरणमा योजनाबद्ध एवं समन्वयात्मक ढङ्गले स्रोत साधनको प्रक्षेपण गरी मितव्ययी, दक्ष एवं प्रभावकारी उपयोग गरेमा "समृद्ध नेपाल सुखी नेपाली" वृहत लक्ष्यले सार्थकता पाउने देखिन्छ। यसको लागि स्थानीय तहदेखि नै आयोजना तर्जुमा गर्दा अनुत्पादक खर्च नियन्त्रण गर्दै दीगो हुने प्रकृतिको आयोजनाको छनौट तथा व्यवस्थापन हुनुपर्ने देखिन्छ।

संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सम्माननीय राष्ट्रपतिज्यूबाट प्राप्त मार्गदर्शन, संघीय संसद, प्रदेश सभा, संवैधानिक निकाय, सबै तहका सरकार, सार्वजनिक संस्था, लेखापरीक्षण सल्लाहकार समिति, विकास साझेदार, नागरिक समाज, सञ्चारकर्मी, आम नागरिक लगायत सबैबाट प्राप्त सुझावप्रति आभार व्यक्त गर्न चाहन्छु। साथै, अहोरात्र खटिई लेखापरीक्षण समयमै सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु।

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

सम्पादकीय .....

सहितका १ हजार ३५६ दफा र ६५४ उपदफा, परिच्छेद ४ मा लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र परिच्छेद ५ मा सार्वजनिक प्रशासनका १८ वटा विषयगत क्षेत्रमा गर्नुपर्ने सुधारका क्षेत्रहरु समावेश गरिएको छ । वार्षिक प्रतिवेदनमा समावेश भएका विषयलाई पाठकमैत्री बनाउन तथा सरोकारवालासम्मको पहुँचमा वृद्धि गर्न २४१ दफा र ११९ उपदफा सहितको सारांश समेत तयार गरिएको छ।

नेपालका महालेखापरीक्षबाट यस अघि ५५ वटा वार्षिक प्रतिवेदन राष्ट्र प्रमुख समक्ष पेश भईसकेका छन् । ती सबै प्रतिवेदनमा सार्वजनिक वित्तीय व्यवहार, आर्थिक कारोबार र सेवा प्रवाहको अवस्था, मात्रा र प्रवृत्तिमा केही विविधता देखिए तापनि लेखापरीक्षणका प्रमुख व्यहोराहरुमा भने धेरै हदसम्म समानता देखिन्छ। हरेक प्रतिवेदनमा बारम्बार एउटै विषय दोहोरिनुमा यसको कार्यान्वयन पक्ष कमजोर रहनु नै हो। अतः लेखापरीक्षणको नतिजाले तबसम्म कुनै महत्व राख्दैन जबसम्म कार्यान्वयनमा सम्बन्धित निकाय वा पदाधिकारीको पर्याप्त ध्यान पुग्दैन।

अतः लेखापरीक्षण प्रतिवेदनले मुलुकी प्रशासनका समग्र पक्षमा गर्नुपर्ने सुधारका लागि मार्गनिर्देश गर्ने अपेक्षा लिएका छौं। साथै यस कार्यमा संघीय संसद र प्रदेश सभाको सार्वजनिक लेखा समिति, उत्तरदायी अधिकृत, स्थानीय तह लगायत सम्बन्धित सबै पक्षको अग्रसरता रहने विश्वास समेत राखेका छौं। अन्त्यमा नव वर्ष २०७६ को उपलक्ष्यमा सु-स्वास्थ्य, सुख, शान्ति तथा समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

फाल्गुन महिनाका कार्यालय गतिविधि

लेखापरीक्षण सल्लाहकार समितिको १२ औं बैठक सम्पन्न



बैठकमा सहभागी हुँदै माननीय महालेखापरीक्षकज्यू सहित लेखापरीक्षण सल्लाहकार समितिका पदाधिकारीहरू ।

२२ फाल्गुन, २०७५

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको संयोजकत्वमा लेखापरीक्षण सल्लाहकार समितिको १२ औं बैठक महालेखापरीक्षकको कार्यालय, बबरमहलमा सम्पन्न भयो । उक्त बैठकमा महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदन, प्रदेश सरकारको प्रतिवेदन, स्थानीय तहको प्रतिवेदनको सम्भावित ढाँचा तथा प्रतिवेदन पेश गरे पश्चात् कार्यालयको भूमिका लगायतका विषयमा छलफल भएको थियो ।

बैठकमा सल्लाहकार समितिका पदाधिकारीहरूले प्रदेश र स्थानीय तहको लेखापरीक्षणलाई सुरुवाती चरणदेखि प्रभावकारी बनाउनु पर्ने, सरकारका निकायहरूसँग समन्वय गरी वित्तीय प्रशासन तथा आर्थिक अनुशासन कायम गर्न उपयुक्त विधि अवलम्वन गर्नुपर्ने, प्रदेश सभा सार्वजनिक लेखा समितिमा लेखापरीक्षण प्रतिवेदन उपर नियमित छलफल हुने वातावरण सिर्जना गर्ने, सार्वजनिक आर्थिक कारोबारमा संलग्न संस्था तथा व्यक्तिलाई थप जिम्मेवार र जवाफदेही बनाउन सार्वजनिक वित्तीय प्रणालीमा सुधारका लागि सरकारको वित्तीय सल्लाहकारको रुपमा कार्यालयले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने लगायतका विषयमा सुझाव दिनुभएको थियो ।

त्यसैगरी कार्यक्रममा समितिका सदस्यहरूले सार्वजनिक वित्त प्रशासन कमजोर रहेको, आन्तरिक नियन्त्रण प्रणाली र आन्तरिक लेखापरीक्षण, सार्वजनिक खर्चको अवस्था सम्बन्धमा छलफल गर्दै प्रतिवेदनलाई सरल, गुणस्तरीय र पाठकमैत्री बनाउन थप ध्यान दिनुपर्ने बताउनु भएको थियो । संघीय संसदको प्रतिनिधि सभाबाट पारित भई राष्ट्रिय सभाको विधायन समितिमा विचाराधीन अवस्थामा रहेको लेखापरीक्षण विधेयक, २०७५ मा राष्ट्रिय महत्वका विषयमा महालेखापरीक्षकको कार्यालयबाट जुनसुकै बखत लेखापरीक्षण गरी सोको प्रतिवेदन राष्ट्रप्रमुख समक्ष पेस गर्न सक्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन मार्फत लेखापरीक्षणको प्रभाव वृद्धि गर्न सहयोग पुग्ने कुरामा सदस्यहरूले विश्वास व्यक्त गर्नुभयो ।

सो अवसरमा माननीय महालेखापरीक्षकज्यूले २०७४/७५ को स्थलगत लेखापरीक्षण सम्पन्न भई सकेको जानकारी गराउनुहुँदै ५६ औं वार्षिक प्रतिवेदन तयारीमा सल्लाहकार समितिका पदाधिकारीहरूबाट प्रस्तुत सुझावलाई लेखापरीक्षण प्रतिवेदन तयारीका क्रममा मार्गदर्शनको रुपमा लिईने उल्लेख गर्नुभयो ।

तेस्रो चरणको लेखापरीक्षण डोरको प्रस्तुतीकरण

१३ फाल्गुन, २०७५

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालको समुपस्थितिमा तेस्रो चरण अन्तर्गत २० जिल्लाको स्थगलगत लेखापरीक्षणमा खटिएका ४२ टोली प्रमुखले लेखापरीक्षणको क्रममा देखिएका प्रमुख व्यहोरा सम्बन्धमा प्रस्तुतीकरण गरेका छन् । सो कार्यक्रममा कार्यालयका उप-महालेखापरीक्षक, नायव-महालेखापरीक्षक लगायतका पदाधिकारीको समेत सहभागिता रहेको थियो ।

कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले यस वर्षदेखि संघ, प्रदेश र स्थानीय सरकारको छुट्टाछुट्टै वार्षिक प्रतिवेदन जारी गर्नुपर्ने भएकाले प्रतिवेदनलाई गुणस्तरीय बनाउन सम्बन्धित सबैलाई निर्देशन दिनु भएको थियो । सो अवसरमा उहाँले तीनै चरणको लेखापरीक्षण सम्पन्न गर्न खटिएको लेखापरीक्षण टोलीलाई धन्यवाद दिनुहुँदै यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरू आगामी दिनका वार्षिक लेखापरीक्षण योजनाका लागि मार्गदर्शक हुने बताउनु भयो ।



माननीय महालेखापरीक्षकज्यू समक्ष प्रस्तुतीकरण गर्दै तेस्रो चरण अन्तर्गत खटिएका लेखापरीक्षण टोली प्रमुखहरू ।

माघ महिनाका कार्यालय गतिविधि

नेपाल राष्ट्र बैंकको लेखापरीक्षण सम्बन्धी छलफल

२२ माघ, २०७५

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको समुपस्थितिमा नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरञ्जिवी नेपाल, नेपाल राष्ट्र बैंकको लेखापरीक्षण गर्न नियुक्त भएका लेखापरीक्षक लगायतका पदाधिकारीबीच नेपाल राष्ट्र बैंकको २०७४/७५ को लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर महालेखापरीक्षकको कार्यालय, बबरमहलमा छलफल भयो ।

कार्यक्रममा माननीय महालेखापरीक्षक शर्माले नेपाल राष्ट्र बैंकको नियमनकारी भूमिका, आन्तरिक नियन्त्रण प्रणाली, बैंकिङ्ग क्षेत्रलाई दिइने अनुमति, अर्थतन्त्रसँग सम्बधित औपचारिक तथा अनौपचारिक क्षेत्रको अवस्था, भूमिका र सुचकाङ्क लगायतका विषयहरूबारे चासो व्यक्त गर्नुभएको थियो । सोही अवसरमा बैंकको लेखापरीक्षण टोलीबाट लेखापरीक्षणको क्रममा देखिएका प्रमुख व्यहोराहरू संक्षेपमा प्रस्तुतीकरण गरिएको थियो ।

सो अवसरमा नेपाल राष्ट्र बैंकका गर्भनर डा. नेपालले लेखापरीक्षण प्रतिवेदनमा देखिएका व्यहोराहरूको सम्बन्धमा आफ्नो भनाई राख्दै समग्र वित्तीय क्षेत्रको सुधारका लागि नेपाल राष्ट्र बैंक प्रयासरत रहने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो ।



छलफलमा सहभागी माननीय महालेखापरीक्षक र नेपाल राष्ट्र बैंकका गभर्नर सहितका पदाधिकारीहरू

महालेखापरीक्षकसँग विश्व बैंकका प्रतिनिधिको छलफल



छलफल पश्चात् माननीय महालेखापरीक्षकज्यूसँग विश्व बैंकका प्रतिनिधिहरू सामूहिक तस्वीर लिँदै ।

१८ माघ, २०७५

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूको समुपस्थितिमा विश्व बैंकको Governance Global Practice Department, Director श्री जेम्स ए. ब्रम्बी सहित ६ सदस्यीय टोली र महालेखापरीक्षकको कार्यालयका पदाधिकारीबीच महालेखापरीक्षकको कार्यालय, बबरमहलमा छलफल सम्पन्न भयो । उक्त कार्यक्रममा विश्व बैंकको सहयोगमा नेपालमा सञ्चालित कार्यक्रमहरूको लेखापरीक्षणबाट देखिएका व्यहोराका सम्बन्धमा छलफल भएको थियो ।

सो अवसरमा विश्व बैंकका प्रतिनिधि ब्रम्बीले माननीय महालेखपरीक्षकज्यू समक्ष नेपालको सार्वजनिक लेखा र लेखापरीक्षण पद्धति तथा विश्व बैंकको सहयोगमा सञ्चालित विकास निर्माण लगायतका विविध आयोजनाको आर्थिक र भौतिक प्रगति, लेखापरीक्षणबाट देखिएका व्यहोरा, सार्वजनिक खरिद तथा समग्र वित्त व्यवस्थापनका विषयमा आफ्नो भनाई राख्नु भएको थियो ।

छलफलमा माननीय महालेखापरीक्षकज्यूले महालेखापरीक्षकको कार्यालयको काम, कर्तव्य र अधिकार सम्बन्धमा प्रकाश पार्दै वित्तीय अनुशासन, नेपालले अंगिकार गरेको लेखापरीक्षण प्रक्रिया, विश्व बैंकको सहयोगमा नेपालमा सञ्चालित आयोजनाको चालु आर्थिक बर्षको लेखापरीक्षण लगायतका विषयमा उल्लेख गर्नुभएको थियो ।

लेखापरीक्षण अन्तरक्रिया कार्यक्रम सम्पन्न

२०७५ माघ,

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको अध्यक्षतामा प्रदेश नं. १ को झापा, मोरङ र सुनसरी, प्रदेश नं. २ को धनुषा र सप्तरी तथा प्रदेश नं.३ को सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक र धादिङमा विभिन्न मितिमा लेखापरीक्षण सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । उक्त कार्यक्रममा जिल्ला समन्वय समिति प्रमुख, स्थानीय तहका प्रमुख, प्रमुख जिल्ला अधिकारी, जिल्लास्थित सरकारी निकायका प्रमुख र लेखा प्रमुख, सञ्चारकर्मी, नागरिक समाजका प्रतिनिधि लगायतका पदाधिकारीको सहभागिता रहेको थियो ।

कार्यक्रममा महालेखापरीक्षकको कार्यालयको काम, कर्तव्य र उद्देश्य, आर्थिक अनुशासन, बेरुजु र यसको फछ्यौंट प्रकिया सम्बन्धमा उप-महालेखापरीक्षकज्यूबाट प्रस्तुतीकरण गरिएको थियो भने जिल्ला समन्वय समितिका प्रमुख लगायत स्थानीय

तहका प्रमुखले आफ्नो निकायबाट सम्पादित काम-कारबाही तथा कार्य सम्पादनका क्रममा देखिएका समस्याबारे आफ्नो मन्तव्य राख्नु भएको थियो । सो अवसरमा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीले जिल्लाको सेवा प्रवाह, शान्ति सुरक्षा, विकास निर्माण लगायत विषयमा जानकारी गराउनु भएको थियो ।

कार्यक्रममा सहभागीको जिज्ञासाको सम्बोधन सहित आफ्नो मन्तव्य राख्दै माननीय महालेखापरीक्षकज्यूले ऐन, नियम र कानूनको परिधिभित्र तोकिए बमोजिम कार्य सम्पादन र सेवा प्रवाह गर्न ध्यानाकर्षण गराउनु भयो । साथै उहाँले नेपालको संविधानले अपेक्षा गरे अनुरुपको संघीय व्यवस्थाको सफल सञ्चालन र दिगोपनाको लागि तीन वटै सरकारका जनप्रतिनिधि र कर्मचारीहरूबीच समन्वय र सहकार्यको खाँचो औँल्याउनु भयो । त्यसैगरी उहाँले संघीय, प्रदेश र स्थानीय तहको लेखापरीक्षण सम्बन्धी संवैधानिक र कानुनी व्यवस्था, प्रतिवेदन प्रणाली, वित्तीय जवाफदेहिता लगायतका विषयमा आफ्नो भनाई राख्नुभएको थियो । भ्रमणका अवसरमा माननीय महालेखापरीक्षकज्यूले सम्बन्धित प्रदेशका प्रदेश प्रमुख, मुख्यमन्त्री, मन्त्रीहरू, प्रदेश सभाका सभामुख लगायतका पदाधिकारीसँग छुट्टाछुट्टै भेटघाट गर्नुभएको थियो । महालेखापरीक्षकको कार्यालयको आयोजनामा २०७५ माघ महिनामा सम्पन्न गरिएका छलफल तथा अन्तरक्रिया कार्यक्रमहरू देहाय बमोजिम छन् ।

क्र.सं.	मिति र स्थान	कार्यक्रम	सहभागी	सहभागी संख्या
१	२०७५/१०/०६ सिन्धुपाल्चोक, चौतारा	लेखापरीक्षण अन्तरक्रिया तथा छलफल कार्यक्रम	जिल्ला समन्वय समिति प्रमुख, स्थानीय तहका प्रमुखहरू, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुखहरू, जिल्लास्थित सरकारी निकायका प्रमुख तथा लेखा प्रमुख, पत्रकार तथा नागरिक समाज लगायतका प्रतिनिधिहरू ।	१३५
२	२०७५/१०/०७ काभ्रेपलाञ्चोक, धुलिखेल			१५०
३	२०७५/१०/०९ नीलकण्ठ, धादिङ			१३५
४	२०७५/१०/१३ चन्द्रगढी, झापा		जिल्ला समन्वय समिति प्रमुख, स्थानीय तहका प्रमुखहरू, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुखहरू, जिल्लास्थित सरकारी निकायका प्रमुख तथा लेखा प्रमुख, पत्रकार तथा नागरिक समाज लगायतका प्रतिनिधिहरू ।	१९७
५	२०७५/१०/१४ विराटनगर, मोरङ	प्रदेश प्रमुखसँग भेटघाट	१ नं. प्रदेशका माननीय प्रदेश प्रमुख प्रा.डा. श्री गोविन्द बहादुर तुम्बाहाङ	११
६		मुख्यमन्त्रीसँग भेटघाट	माननीय मुख्यमन्त्री श्री शेरधन राई, प्रदेश सरकारका माननीय मन्त्रीहरू, प्रमुख सचिव, सचिव लगायतका पदाधिकारीहरू	२८
७		लेखापरीक्षण अन्तरक्रिया तथा छलफल कार्यक्रम	जिल्ला समन्वय समिति प्रमुख, स्थानीय तहका प्रमुखहरू, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुखहरू, जिल्लास्थित सरकारी निकायका प्रमुख तथा लेखा प्रमुख, पत्रकार तथा नागरिक समाज लगायतका प्रतिनिधिहरू ।	२५०
८	२०७५/१०/१५ इनरुवा, सुनसरी			२०५
९	२०७५/१०/१६ राजविराज, सप्तरी			१५०
१०	२०७५/१०/१७ जनकपुरधाम, धनुषा	प्रदेश प्रमुखसँग भेटघाट	२ नं. प्रदेशका माननीय प्रदेश प्रमुख श्री रत्नेश्वर लाल कायस्थ, माननीय सभामुख श्री सरोजकुमार यादव	१२
११		मुख्यमन्त्रीसंग भेटघाट	माननीय मुख्यमन्त्री श्री लालबाबु राउत, प्रदेश सरकारका माननीय मन्त्रीहरू, प्रमुख सचिव, सचिव लगायतका पदाधिकारीहरू	१५
१२		लेखापरीक्षण अन्तरक्रिया तथा छलफल कार्यक्रम	जिल्ला समन्वय समिति प्रमुख, स्थानीय तहका प्रमुखहरू, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुखहरू, जिल्लास्थित सरकारी निकायका प्रमुख तथा लेखा प्रमुख, पत्रकार तथा नागरिक समाज लगायतका प्रतिनिधिहरू ।	२२५

लेखापरीक्षण अन्तरक्रिया तथा छलफल कार्यक्रमसँग सम्बन्धित तस्वीरहरू

क) प्रदेश नं. १



प्रदेश नं १ का माननीय प्रदेश प्रमुख प्रा.डा.श्री गोविन्द बहादुर तुम्बाहाङसँग भेट पश्चात्को सामूहिक तस्वीर



माननीय महालेखापरीक्षकज्यूको अध्यक्षतामा प्रदेश नं १ को ईनरुवामा सम्पन्न लेखापरीक्षण अन्तरक्रिया कार्यक्रम ।



माननीय महालेखापरीक्षकज्यूको अध्यक्षतामा प्रदेश नं. १ को विराटनगरमा आयोजित लेखापरीक्षण अन्तरक्रिया कार्यक्रम ।

ख) प्रदेश नं. २



प्रदेश नं २ का माननीय प्रदेश प्रमुख श्री रत्नेश्वर लाल कायस्थसँग भेट गर्नुहुँदै माननीय महालेखापरीक्षक सहितका पदाधिकारी



प्रदेश नं २ का माननीय मुख्यमन्त्री श्री लालबाबु राउतसँग भेट गर्नुहुँदै माननीय महालेखापरीक्षक सहितका पदाधिकारी



माननीय महालेखापरीक्षकज्यूको अध्यक्षतामा प्रदेश नं २, जनकपुरधाम, धनुषामा सम्पन्न लेखापरीक्षण अन्तरक्रिया कार्यक्रम ।

पौष महिनाका कार्यालय गतिविधि

महालेखापरीक्षकज्यू समक्ष महालेखा नियन्त्रकद्वारा आर्थिक विवरण पेश

५ पौष, २०७५

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू समक्ष महालेखा नियन्त्रक श्री सुरेश प्रधानले आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ८७ (छ) बमोजिम तयार पारेको २०७४/७५ को एकीकृत वार्षिक आर्थिक विवरण पेश गर्नुभयो। सो अवसरमा उप-महालेखापरीक्षक, नायव-महालेखापरीक्षकरसह-महालेखा नियन्त्रक सहितका पदाधिकारीहरूको उपस्थिति रहेको थियो।



माननीय महालेखापरीक्षकज्यू समक्ष एकीकृत वार्षिक आर्थिक विवरण पेश गर्नुहुँदै महालेखा नियन्त्रक श्री सुरेश प्रधान।

सरकारको आय-व्ययको केन्द्रीय लेखा राखी एकीकृत वार्षिक आर्थिक विवरण तयार गरी पौष मसान्त भित्र महालेखापरीक्षक समक्ष पेश गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ। कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले कानुनले तोकेको समयभन्दा अगावै एकीकृत वार्षिक आर्थिक विवरण पेश गरेकोमा कार्यालयको प्रशंसा गर्दै यसको शुद्धता र विश्वसनीयतामा थप ध्यान दिनुपर्ने बताउनुभयो। त्यसैगरी उहाँले संघीय, प्रदेश र स्थानीय सरकारको लेखा प्रणाली समयसापेक्ष बनाउँदै सो प्रणाली अन्तर्गत तयार हुने एकीकृत आय-व्यय विवरणले तीनै सरकारको एकीकृत र समग्र आर्थिक अवस्थाको चित्रण गर्नुपर्ने कुरामा जोड दिनुभयो। सो अवसरमा महालेखा नियन्त्रक प्रधानले एकीकृत वार्षिक आर्थिक विवरणमा समावेश भएका प्रमुख व्यहोराहरूबारे माननीय महालेखापरीक्षकज्यूलाई अवगत गराउँदै नेपाल सरकारको लेखा नीतिमा समय सापेक्ष सुधार गर्दै लगिने उल्लेख गर्नुभयो।

एकीकृत वित्तीय व्यवस्थापन सुधार कार्यक्रम

२२ पौष,२०७५

विश्व बैंकको सहयोगमा सञ्चालित एकीकृत वित्तीय व्यवस्थापन सुधार आयोजनाको कम्पोनेन्ट २ अन्तर्गत महालेखापरीक्षकको कार्यालयको सुदृढीकरण कार्यक्रम सम्बन्धमा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको उपस्थितिमा छलफल सम्पन्न भयो। कार्यक्रममा उप-महालेखापरीक्षक, विश्व बैंकको नेपालस्थित कार्यालयका प्रतिनिधि सहित महालेखापरीक्षकको कार्यालयका कर्मचारीहरूको उपस्थिति रहेको थियो।

सो अवसरमा उप-महालेखापरीक्षक श्री रामुप्रसाद डोटेलले आयोजनाबाट लेखापरीक्षण मानदण्डको समसामयिक सुधार गर्ने, लेखापरीक्षणलाई थप प्रभावकारी बनाई यसको गुणस्तर बढाउने, कर्मचारीको कार्य क्षमतामा अभिवृद्धि गर्ने लगायतका क्षेत्रमा सहयोग पुग्ने अपेक्षा व्यक्त गर्नुभयो। त्यसैगरी विश्व बैंकका नेपालस्थित कार्यालयका प्रतिनिधि श्री योगेश बम मल्लले सूचना प्रविधि प्रणालीको विकास गरी विद्युतीय माध्यमले गरिने लेखापरीक्षण पद्धतिको प्रवर्द्धन र सार्वजनिक क्षेत्रको लेखापरीक्षणमा नागरिक सहभागिताको अभिवृद्धि गर्ने कार्यमा विश्व बैंकको सहयोग रहने कुरा उल्लेख गर्नुभयो। सो क्रममा महालेखापरीक्षकको कार्यालयका तर्फबाट आयोजना अन्तर्गत सञ्चालित हुने कार्य र त्यसबाट गरिएका अपेक्षित सुधारबारे प्रस्तुतिकरण गरिएको थियो।

अन्तर्राष्ट्रिय गतिविधि

EUROSAI र ASOSAI को तेस्रो संयुक्त सम्मेलनमा सहभागिता



Rt. Hon. President Reuven Rivlin सँग सामुहिक तस्वीर लिदैं सम्मेलनमा सहभागी विभिन्न देशका सर्वोच्च लेखापरीक्षण संस्थाका प्रमुखहरु

एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरूको संगठन (एसोसाई) र युरोपेली सर्वोच्च लेखापरीक्षण संस्थाहरूको संगठन (युरोसाई) को तेस्रो संयुक्त सम्मेलन २०७५ फाल्गुन २६ देखि ३० गतेसम्म ईजरायलको जेरुसलेममा सम्पन्न भएको छ । उक्त सम्मेलनमा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल र नायव-महालेखापरीक्षक श्री दामोदर पुडासैनीले सहभागिता जनाउनु भएको थियो । सो सम्मेलनमा नेपाल सहित ४४ देशका सर्वोच्च लेखापरीक्षण संस्थाका प्रमुख तथा प्रतिनिधिहरू समेत गरी १२५ जनाको सहभागिता रहेको थियो ।

सम्मेलनमा Emerging Issues and Emergency Situations मा मुलुकले गरेको पूर्व तयारी र पुनःनिर्माण तथा पुनर्स्थापना सम्बन्धी सर्वोच्च लेखापरीक्षण संस्थाबाट भएको परीक्षण र प्रतिवेदन, UN sustainable development goals (SDG's); Digitalisations, Big Data लगायतका विषयमा छलफल तथा अनुभव आदान-प्रदान गरिएको थियो । त्यसैगरी सम्मेलनमा Preparations for Natural disasters; Disaster management; Coping with terror attacks; Cyber security threats; Migrations and refugees; आदिबाट सिर्जना हुनसक्ने सम्भावित चुनौतिबारे सर्वोच्च लेखापरीक्षण संस्थाको पूर्व तयारी गर्ने सम्बन्धमा समेत छलफल भएको थियो ।

सो अवसरमा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल सहित उपस्थित सर्वोच्च लेखापरीक्षण संस्था प्रमुखले ईजरायलका Rt. Hon. President Reuven Rivlin सँग औपचारिक भेट गर्नु भएको थियो ।



माननीय महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल र स्टेट कम्प्ट्रोलर एण्ड ओम्बुड्समेन अफ ईजरायलका प्रमुख श्री जोसेफ एच. सापिरा

9th ACCA International Public Sector Conference मा सहभागिता

एसोसिएसन अफ चार्टर्ड सर्टिफाइड एकाउन्टेन्ट्स (ACCA) ले चेक गणतन्त्रमा २८ फेब्रुअरी देखि १ मार्च २०१९ मा आयोजना गरेको २ दिने नवौं अन्तर्राष्ट्रिय सार्वजनिक क्षेत्र सम्बन्धी सेमिनार (9th ACCA International Public Sector Conference) मा महालेखापरीक्षकको कार्यालयको तर्फबाट नायव-महालेखापरीक्षक श्री महेश्वर काफ्ले सहभागी हुनु भयो । उक्त कार्यक्रममा चेक गणतन्त्रका वित्त उपमन्त्री Tomas Vyhnanek ले उद्घाटन मन्तव्य सहित Sustainable Public Sector को विषयमा धारणा राख्नु भएको थियो भने विभिन्न क्षेत्रका विषय विज्ञद्वारा Bridging the infrastructure gap, Auditor General in Dialogue, Accountant on Frontline: Tackling serious organized crime, Corruption and money laundering, Global economic Condition survey:Implication for the public sector, Regulating Accountancy Profession विषयमा कार्यपत्र प्रस्तुत तथा Pannel discussion गरिएको थियो । कार्यक्रममा नेपालको तर्फबाट नायव-महालेखापरीक्षक श्री महेश्वर काफ्लेले Regulating the Accountancy Profession विषयमा कार्यपत्र प्रस्तुत गरी Pannel discussion मा भाग लिनु भएको थियो । सो कार्यक्रममा ३४ राष्ट्रका करिब २०० जनाको सहभागिता रहेको थियो ।



Conference मा सहभागिता जनाउँदै नायव महालेखापरीक्षक श्री महेश्वर काफ्ले ।

वातावरणीय लेखापरीक्षण सम्बन्धी समूहको बैठक

एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरूको वातावरणीय लेखापरीक्षण सम्बन्धी दोश्रो संयुक्त बैठक सन् २०१९ को जनवरी २२ देखि २४ सम्म थाइल्याण्डको राजधानी बैंककमा सम्पन्न भएको छ। उक्त बैठकमा आयोजक राष्ट्र थाइल्याण्ड सहित नेपाल, चीन, भारत, बंगलादेश, कुवेत, जोर्डन, मलेसिया, भियतनाम, लाओस र कम्बोडिया गरी ११ देशका सर्वोच्च लेखापरीक्षण संस्थाका पदाधिकारी तथा प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । सो कार्यक्रममा कार्यालयको तर्फबाट नायव-महालेखापरीक्षक श्री विन्दु विष्ट र निर्देशक श्री राजेन्द्रराज ओझाले सहभागिता जनाउनु भएको थियो ।

बैठकमा चाइना नेशनल अडिट अफिसका उप- महालेखापरीक्षक श्री चेन जीनले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने थाइल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्थाका महालेखापरीक्षक श्री प्राजु बुनयोङले वातावरणीय मुद्दाले समग्र अर्थतन्त्र, समाज र मानव जीवनलाई नै प्रत्यक्ष प्रभाव पार्ने भएकोले संसार भरका सर्वोच्च लेखापरीक्षण संस्थाहरूले वातावरणीय लेखापरीक्षणमा आफ्नो भूमिका केन्द्रित गर्नुपर्नेमा जोड दिनुभएको थियो । सो अवसरमा विभिन्न देशका प्रतिनिधिबाट कार्यपत्र प्रस्तुति तथा वातावरणीय लेखापरीक्षण सम्बन्धी अनुभवको आदान प्रदान समेत गरिएको थियो । जसबाट सर्वोच्च लेखापरीक्षण संस्थाले गर्ने वातावरणीय लेखापरीक्षणलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने समेत अपेक्षा गरिएको छ ।



वातावरणीय लेखापरीक्षण सम्बन्धी बैठकमा सहभागी विभिन्न देशका सर्वोच्च लेखापरीक्षण संस्थाका प्रतिनिधिहरू ।

लेखापरीक्षणमा उपयोगी सूत्रहरू

✍ रमेश ढकाल, निर्देशक

लेखापरीक्षणले मूलत: सारभूत परीक्षण र विश्लेषणात्मक विधिमा विश्वास राख्दछ । लेखा तथा लेखाङ्कनमा अपनाईएका विधि र प्रक्रिया लेखापरीक्षकले जाँच गरी खर्च तथा भुक्तानीको विश्वसनीयता प्राप्त गर्न र विधि तथा प्रक्रियामा आउन सक्ने फरकलाई आलोचनात्मक प्रतिवेदन गर्न विभिन्न Test हरूको प्रयोग गर्नुपर्ने हुन्छ । यी Test Formula हरूले लेखापरीक्षकको लागि सारथीको रुपमा कार्य गर्न सक्छन् । लेखापरीक्षणलाई विश्वसनीय बनाई प्रभावकारी नतिजा प्राप्त गर्ने विषय आफैंमा चुनौतीपूर्ण रहेको छ । तथापि स्रोत साधनको न्यायोचित वितरणमा यी Test Formula हरू उपयोगी हुन सक्छन् । सूत्रहरूबाट जवाफदेहिता र पारदर्शिता अभिवृद्धि गर्न एवं आर्थिक अनुशासन कायम राख्ने कार्यमा सहयोग पुग्ने देखिन्छ । लेखापरीक्षणका क्रममा उपयोगी हुन सक्ने त्यस्ता केही सूत्रहरू देहाय बमोजिम प्रस्तुत गर्न सकिन्छ ।

<table>
<tr><td>1</td><td>Ledger Scoring Test</td><td>Ledger Expenses of Audit ÷ Total Ledger Expenses</td></tr>
<tr><td>2</td><td>Substantial Analytical Procedure Test (Expenses Title Wise)</td><td>Estimate Expenses-Real Expenses ÷ Real Expenses
If change percentage over the set value percentage – Carrying Substantial Procedure</td></tr>
<tr><td>3</td><td>Materiality Test</td><td>Audit of Expenses + Audit of Income
Total Expenses + Total income
If change percentage over the set value percentage – applying other material test</td></tr>
<tr><td>4</td><td>Average Test of VAT Stock</td><td>Credit Balance of VAT Amount ÷ 0.13</td></tr>
<tr><td>5</td><td>Performance Bond Guarantee Test</td><td>(0.85 x Cost Price – Bid Price) x 0.5
+0.05 x Bid Price (if 15 % Over deduction of Bid Price)</td></tr>
<tr><td>6</td><td>Overhead Rate Test</td><td>Rate of Price Unit ÷ 1.15</td></tr>
<tr><td>7</td><td>Fixed Index Test</td><td>0.15 + 0.85 x Current Whole Index ÷ Base Index</td></tr>
<tr><td>8</td><td>Variable Index Test</td><td>If Variable Co-efficient given by third party that is Labour, Material, Equipment
<table>
<tr><td rowspan="2">Fixed</td><td colspan="3">Variable Item</td></tr>
<tr><td>Labour</td><td>Material</td><td>Equipment</td></tr>
<tr><td>0.15</td><td>0.22</td><td>0.54</td><td>0.09</td></tr>
</table></td></tr>
</table>

		= 0.15+0.22x $L_1 \div L_0$ + 0.54 x $M_1 \div M_0$ + 0.09 x $E_1 \div E_0$ If L_1 = 0.9232, M_1 = 0.3424, E_1 = 0.1120 L_0 = 0.9025, M_0 = 0.3026, E_0 = 0.0926 = 0.15 + 0.22 x 0.9232 ÷ 0.9025 + 0.54 x 0.3424 ÷ 0.3026 + 0.09 x 0.1120 ÷ 0.0926 = 0.15 + 0.2250 + 0.6110 + 0.1088 = 1.0948, If Billing Price Rs. 120000 = 120000 x 1.0948 = 131376 = 131376 – 120000 = 11376 Cost Price Adjustment (CPA)
9	Indexed Test	Current Index Value ÷ Base Index Value
10	Closing Stock Test	Opening Stock + Purchase – Consumed Stock
11	Stock Test	
	Lower Value Stock Test	Check Qty. ÷ Total Qty x 100 = 5% (at least)
	Middle Value Stock Test	Check Qty. ÷ Total Qty x 100 = 30% (at least)
	Higher Value Stock Test	Check Qty. ÷ Total Qty x 100 = 65% (at least)
12	Contribution Margin Ratio Test	(Revenue – Variable Cost) ÷ Revenue
13	Break even Point Test	Fixed Cost ÷ Contribution Margin
14	Contribution Margin Test	Sales/Revenue – Variable Cost
15	Profit/Loss Check	Sales – Variable Cost = Contribution Margin = Contribution Margin – Fixed Cost = Profit/Loss
16	Authorized Stock Level Test	Opening Stock + Purchase – Emergency Stock Level – Consumed Stock (At least 15 Percentage of Receipt Level of Stock Should be there)
17	Variable Income Ratio Test	Income of Variable Receipt ÷ Expenses of Variable Cost
18	Emergency Stock Level Test	Opening Stock + Purchase – Authorized Stock Level – Consumed Stock (At least 5 Percentage of Receipt Level of Stock Should be there)
19	Decrease of Assets Value Test	Auction Value ÷ Cost Value
20	Government Depreciated Value Test	Cost Value – Auction Value

माननीय महालेखापरीक्षकज्यूको उपस्थितिमा २०७५ पौषदेखि चैत्र मसान्तसम्म सम्पन्न भएका छलफल कार्यक्रमहरू

सि.नं.	मिति	विषय	उपस्थित पदाधिकारी
१	२०७५/०९/०३ र १३	वित्तीय अनुशासन र आर्थिक प्रशासनका समसामयिक विषयहरू	नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका पदाधिकारीहरू
२	२०७५/०९/१८	वित्तीय अनुशासन र आर्थिक प्रशासनका समसामयिक विषयहरू	नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघ (ACAN) का पदाधिकारीहरू
३	२०७५/०९/१९	तारागाउँ विकास समितिको आ.व. २०७४/०७५ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन	उप-महालेखापरीक्षक, नायव महालेखापरीक्षक, तारागाउँ विकास समितिका अध्यक्ष, लेखापरीक्षक लगायतका पदाधिकारीहरू
४	२०७५/०९/२५	सरकारको समग्र वित्तीय प्रतिवेदन प्रस्तुती	अर्थ सचिव, उप-महालेखापरीक्षक, सह-महालेखा नियन्त्रक, नायव-महालेखापरीक्षक, निर्देशक लगायतका पदाधिकारीहरू
५	२०७५/०९/२९	परराष्ट्र मन्त्रालयको आ.व. २०७४/०७५ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन	परराष्ट्र सचिव, उप-महालेखापरीक्षक, सह-सचिव नायव-महालेखापरीक्षक, लेखानियन्त्रक, निर्देशक, लेखापरीक्षकहरू
६	२०७५/१०/१८	सार्वजनिक वित्त व्यवस्थापन सुधार आयोजना	उप-महालेखापरीक्षक, नायव-महालेखापरीक्षक, निर्देशक र विश्व बैंकका प्रतिनिधिहरू
७	२०७५/१०/२२	नेपाल राष्ट्र बैंकको आ.व. २०७४/०७५ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन	नेपाल राष्ट्र बैंकका गर्भनर, उप-महालेखापरीक्षक, नायव-महालेखापरीक्षक, निर्देशक, डेपुटी गभर्नर र लेखापरीक्षकहरू
८	२०७५/१०/२५	नापी विभागको आ.व.२०७४/०७५ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन	उप-महालेखापरीक्षक, नापी विभागका महानिर्देशक, नायव-महालेखापरीक्षक, उप-महानिर्देशक, लेखापरीक्षक लगायतका पदाधिकारीहरू
९	२०७५/१०/२७	आ.व.२०७४/०७५को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन	उप-महालेखापरीक्षक, नायव-महालेखापरीक्षक, निर्देशक, नेपाल धितोपत्र बोर्डका अध्यक्ष र लेखापरीक्षकहरू
१०	२०७५/१०/२७	आ.व.२०७४/०७५को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन	उप-महालेखापरीक्षक, नायव-महालेखापरीक्षक, कम्पनी रजिष्ट्रारको कार्यालयका पदाधिकारी र लेखापरीक्षकहरू
११	२०७५/१०/२८	संगठित संस्थाको लेखापरीक्षण कार्यमा संलग्न लेखापरीक्षकसँग छलफल	उप-महालेखापरीक्षक, नायव-महालेखापरीक्षक, निर्देशक, लेखापरीक्षणमा संलग्न पदाधिकारीहरू
१२	२०७५/११/०२	कर्मचारी सञ्चय कोषको आ.व.२०७४/०७५को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन	उप-महालेखापरीक्षक, नायव-महालेखापरीक्षक, निर्देशक, कर्मचारी संचयकोषका पदाधिकारी, लेखापरीक्षक लगायत अन्य पदाधिकारीहरू

१३	२०७५/११/०२	राष्ट्रिय बीमा कम्पनी तथा राष्ट्रिय बीमा संस्थानको लेखापरीक्षण	उप-महालेखापरीक्षक, नायव-महालेखापरीक्षक, निर्देशक, राष्ट्रिय बीमा कम्पनी तथा राष्ट्रिय बीमा संस्थानका पदाधिकारी, लेखापरीक्षकहरू
१४	२०७५/११/०५	राष्ट्रिय वाणिज्य बैंकको आ.व.२०७४/०७५को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन	उप-महालेखापरीक्षक, नायव-महालेखापरीक्षक, निर्देशक, राष्ट्रिय वाणिज्य बैंकका पदाधिकारी तथा लेखापरीक्षकहरू
१५		नागरिक लगानी कोषको आ.व.२०७४/०७५ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन	उप-महालेखापरीक्षक, नायव-महालेखापरीक्षक, निर्देशक, नागरिक लगानी कोषका पदाधिकारी तथा लेखापरीक्षकहरू
१६	२०७५/११/०७	कृषि विकास बैंकको आ.व.२०७४/०७५को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन	उप-महालेखापरीक्षक, नायव-महालेखापरीक्षक, निर्देशक, कृषि विकास बैंकका पदाधिकारी तथा लेखापरीक्षकहरू
१७	२०७५/११/०९	गोरखापत्र संस्थानको आ.व.०७३/०७४-०७५को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन	उप-महालेखापरीक्षक, नायव-महालेखापरीक्षक, निर्देशक, गोरखापत्र संस्थानका पदाधिकारी तथा लेखापरीक्षकहरू
१८		कृषि सामाग्री कम्पनी लिमिटेडका आ.व.२०७४/०७५को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको विविध विषयहरू	कृषि सामाग्री कम्पनी लिमिटेडका पदाधिकारी तथा लेखापरीक्षकहरू
१९	२०७५/११/१२	माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको लेखापरीक्षण सम्बन्धी विविध विषयहरू	माथिल्लो तामाकोशी जलविद्युत आयोजनाका पदाधिकारी तथा लेखापरीक्षकहरू
२०		नेपाल बैंक लिमिटेडको लेखापरीक्षण सम्बन्धी विविध विषयहरू	नेपाल बैंक लिमिटेडका पदाधिकारी तथा लेखापरीक्षकहरू
२१		नेपाल विद्युत प्राधिकरणको लेखापरीक्षण सम्बन्धी विविध विषयहरू	नेपाल विद्युत प्राधिकरणका पदाधिकारी तथा लेखापरीक्षकहरू
२२	२०७५ चैत्र (विभिन्न) १८ पटक	आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण प्रतिवेदनका व्यहोराहरु उपर छलफल	नेपाल सरकारका विभिन्न मन्त्रालय/निकायका लेखा उत्तरदायी अधिकृत लगायत जिम्मेवार पदाधिकारीहरु

२०७५ पौषदेखि चैत्र महिनामा नयाँ नियुक्त भई आएका कर्मचारी

सि.नं	पद	कर्मचारीको नाम	नियुक्त भई आएको मिति	कैफियत
१	नायव महालेखापरीक्षक	श्री श्रीकुमार राई	२०७५/१२/११	

२०७५ पौषदेखि चैत्र महिनामा सरूवा भई आएका कर्मचारी

सि.नं	पद	कर्मचारीको नाम	रमाना भई आएको मिति	कैफियत
१	उप-सचिव (कानून)	श्री उपेन्द्र केशर खनाल	२०७५/११/०५	

२०७५ पौषदेखि चैत्र महिनामा अवकास भएका कर्मचारी

सि.नं	पद	कर्मचारीको नाम	सुरु नियुक्ति मिति	अवकास मिति	कैफियत
१	लेखापरीक्षण अधिकारी	श्री रत्नकुमार श्रेष्ठ	२०४२/११/२३	२०७५/११/२३	राजिनामा

२०७५ पौषदेखि चैत्र महिनासम्म सम्पन्न वैदेशिक तालिम तथा कार्यक्रममा सहभागिता

सि.नं	पद	कर्मचारीको नाम	कार्यक्रम	देश	अवधि
१	नायव महालेखापरीक्षक	श्री महेश्वर काफ्ले	Int'l Public Sector Conference, 2019	प्राग, चेक गणतन्त्र	२०७५/११/१६-१७
२	नायव महालेखापरीक्षक	श्री विन्दु विष्ट	Second Joint meeting of Cooperative Audit and Research Project	थाईल्याण्ड	२०७५/१०/८-१०
३	निर्देशक	श्री राजेन्द्रराज ओझा			
४	नायव महालेखापरीक्षक	श्री वामदेव शर्मा अधिकारी	Study Visit to Understand Accrual based IPSAS Implementation	अष्ट्रिया	२०७५/११/२०-२४
५	नायव महालेखापरीक्षक	श्री दामोदर पुडासैनी	III EUROSAI–ASOSAI Joint Conference	ईजरायल	२०७५/११/२६-३०
६	निर्देशक	श्री हुमनाथ सुवेदी	Int'l Intensive Program in Performance Auditing	पाकिस्तान	२०७५/११/१३-१२/८
७	लेखापरीक्षण अधिकारी	श्री भविन्द्रप्रसाद भण्डारी			
८	लेखापरीक्षण अधिकारी	श्री भुपेन्द्रकुमार बस्नेत			
९	निर्देशक	श्री सत्यनारायण थापा	12th Research Project on Audit implementation of SDGs	संयुक्त अरब इमिरेट्स	२०७५/११/१३-१४
१०	निर्देशक	श्री नीरप्रसाद सुवेदी	Inernational Workshop on Audit of Waste Management	भारत	२०७५/११/१३-१७
११	निर्देशक	श्री चन्द्रकान्त भण्डारी	6th Asia Pacific Forum on Sustainable Development	थाईल्याण्ड	२०७५/१२/१३-१२/१५
१२	निर्देशक	श्री सत्यनारायण थापा			
१३	लेखापरीक्षण अधिकारी	श्री यामनाथ खनाल	ASOSAI Capacity develop-ment program on IT	थाईल्याण्ड	२०७५/१२/१८-१२/२२

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
२०२२, वैशाख १४

स्वर्गारोहण:
वि.सं.
२०७५, पौष १५

स्व. रमेश पाण्डे

यस कार्यालयका लेखापरीक्षण अधिकारी रमेश पाण्डेको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दछौ ।

महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.२०२१

स्वर्गारोहण:
वि.सं.
२०७५, फाल्गुन ३

स्व. सिलिन्दर चौधरी थारु (शैलेन्द्र)

यस कार्यालयका कार्यालय सहयोगी सिलिन्दर चौधरी थारुको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दछौ ।

महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
१९९६, असोज १

स्वर्गारोहण:
वि.सं.
२०७५, माघ ६

स्व. चित्रकुमारी नेपाली

यस कार्यालयका निर्देशक श्री बुद्धिराज बसेलकी ममतामयी माता चित्र कुमारी नेपालीको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दछौ ।

महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
१९९५, असार ७

स्वर्गारोहण:
वि.सं.
२०७५, माघ १३

स्व. झनकप्रसाद धमला

यस कार्यालयका लेखापरीक्षण अधिकारी श्री गोविन्दप्रसाद धमलाको पूजनीय पिता झनकप्रसाद धमलाको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दछौ ।

महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
२००३ भदौ १६

स्वर्गारोहण:
वि.सं.
२०७५, माघ २३

स्व. चुडामणि गौतम

यस कार्यालयका लेखापरीक्षण अधिकारी श्री संगीता फुँयालका पूजनीय पिता चुडामणि गौतमको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दछौ ।

महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
१९८४, भाद्र १५

स्वर्गारोहण:
वि.सं.
२०७५, फाल्गुन २४

स्व. नन्दी पुरी

यस कार्यालयका लेखापरीक्षण अधिकारी श्री रमेश पुरीकी ममतामयी माता नन्दी पुरीको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दछौ ।

महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

२०७५ पौषदेखि चैत्र महिनासम्म भएका स्वदेशी तालिम तथा कार्यक्रममा सहभागिता

सि.नं	पद	कर्मचारीको नाम	कार्यक्रम/स्थान	अवधि
१	नायव-महालेखापरीक्षक	विष्णुप्रसाद रिजाल	Senior Executive Development Programme (SEDP), नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान)	२०७५/०४/१४-१०/१४
२	नायव-महालेखापरीक्षक	जीवनप्रसाद सुवेदी		
३	नायव-महालेखापरीक्षक	महेश्वर काफ्ले		
४	निर्देशक	श्री टिकाराम श्रेष्ठ	सार्वजनिक खरिद सम्बन्धि अल्पकालीन तालिम, सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७५/१०/२७ - ११/२
५	निर्देशक	श्री युवराज अधिकारी	Invitation for Training workshop on IDA Financial Products, World Bank Office, Sagarmatha Conference Room	२०७५/१०/२८
६	लेखापरीक्षण अधिकारी	सिर्जना रिमाल	Gender Equality,Social Inclusion and Gender Responsive Budget, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०७५/०९/३० -१०/०४
७	जुनियर मेकानिक्स	श्री पारस ठाकुर	Light Vehicle Mechanic	२०७५/०५/०१-११/०१
८	निर्देशक	श्री छत्रपति निरौला	Advance Course on Management, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०७५/१२/०५(३० दिन)
९	निर्देशक	श्री टिकाराम श्रेष्ठ		
१०	निर्देशक	श्री रामप्रसाद उपाध्याय		
११	निर्देशक	श्री राजेन्द्रराज ओझा		
१२	लेखापरीक्षण अधिकारी	श्री किशोर पोखरेल	Professional Course on Management and Development, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०७५/१२/०४(३० दिन)
१३	लेखापरीक्षण अधिकारी	श्री ताराध्वज सुनुवार		
१४	लेखापरीक्षण अधिकारी	श्री पार्वती कँडेल		
१५	लेखापरीक्षण अधिकारी	श्री कृष्णहरि दाहाल		
१६	लेखापरीक्षण अधिकारी	श्री टीकानाथ अर्याल	Negotiation Skills	२०७५।१२।१० देखि १२ सम्म
१७	लेखापरीक्षण अधिकारी	श्री डोरमणि घिमिरे	पर्वतारोहण सम्पर्क अधिकृत अनुस्थापन तालिम	२०७५/१२/१७ (७ दिन)
१८	लेखापरीक्षण अधिकारी	श्री भावना पौडेल	PEFA Assessment Tool Interaction Program	२०७५/१२/११
१९	लेखापरीक्षण अधिकारी	श्री रमेश उपाध्याय		
२०	निर्देशक	श्री सत्यनारायण थापा	पर्वतारोहण सम्पर्क अधिकृत अनुस्थापन तालिम	२०७५/१२/१७ (७ दिन)
२१	लेखापरीक्षण अधिकारी	श्री प्रमोदकुमार मण्डल		
२२	लेखापरीक्षण अधिकारी	श्री शंकरबाबु आचार्य		
२३	लेखापरीक्षण अधिकारी	श्री सुनिता आचार्य		
२४	लेखापरीक्षण अधिकारी	श्री भावना पौडल		
२५	लेखापरीक्षण अधिकारी	श्री राजेश श्रेष्ठ		
२६	लेखापरीक्षण अधिकारी	श्री रोशन दास		
२७	निर्देशक	श्री कमलप्रसाद सिलवाल	Enabling Business Environment for Economic Development (SAFA Conference)	२०७५।१२।२१
२८	लेखापरीक्षण अधिकारी	श्री ताराध्वज सुनुवार	Professional Course on Management and Development	२०७५।१२।२५ (३० दिन)